प्रस्तावहरु :

१ गत कार्यपालिका निर्णयहरुको समिक्षा तथा प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत सम्बन्धमा/ ।

२ क्षतिपुर्ती/राहात सम्बन्धमा ।

३ सडकहरुको साईड निर्धारण सम्बन्धमा ।

४ अध्यक्षसँग विपन्न कार्यक्रमको लागि कार्य विधि तयार सम्बन्धमा ।

५ कानुन सहायक भर्ना सम्बन्धमा।

६ उत्पादनमा आधारित अनुदान वितरण कार्य विधि निर्माण सम्बन्धमा।

७ सुरक्षित नागरिक आवासको लागी प्राथमिकता माग सम्बन्धमा।

८ वाल सञ्जालको कार्यक्रमको भुक्तानी सम्बन्धमा।

९ तुवाङखोला जलविद्युत आयोजनाको कामकाज सम्बन्धमा ।

**निर्णय नं १**

यस सिस्ने गांउपालिकामा मिति २०८० असोज १८ गते हाजिरी हुनुभएका प्रमुख प्रशासकिय अधिकृत श्री रेवत बहादुर बुढाथोकिलाई स्वागत गरीयो ।

**निर्णय नं २**

प्राकृतिक विपत्तीमा परेकालाई मुचुल्का हेरि रु २००० को दरमा राहात वितरण गर्ने निर्णय गरियो। यसको लागि विपद व्यवस्थापन खर्च शिर्षकबाट रु. १०,००,०००।०० अक्षरुपी दश लाख रुपैंया **आकस्मिक कोष खातामा** रकम ट्रान्सफर गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

पूर्वाधार कारयालयवाट कार्यान्वियन हुने सिस्ने गा पा २ प्वाङ देखि ओखेना हुँदै सिस्ने सडक ट्याक निर्माणको लागि सिस्ने २ प्वाङबाट खरिवोट-आँखरवोट कुचिवाङ साईड खण्डमा काम गर्ने गरि सडक पुर्वाधार कार्यालय रुकुम पूर्वलाई सडक खण्ड निर्धारण गर्ने निर्णय गरियो ।साथै प्रदेश सरकारको वजेटमा धाउने रुकुमकोट सडक निर्माणको लागि कैंचिमोड ढकालवारा सेराखेत खण्ड निर्धारण गर्ने निर्णय गरियो। चुनवाङको सिमचौर होर्दिङ रुकुमकोट शिर्षकमा रुकुमकोट ट्रफिक चोक मैदान होर्दिङ चुन्वाङ

खण्डमा काम गर्न लेखि पठाउने निर्णयगरियो। नायगाड चारगाउँ कुकुरगाडे सडकको लागि तिसारा नायगाड सल्लीविसौना निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

अध्यक्षसँग विपन्न कार्यक्रमको लागि कार्य विधि तयार गरि अति विपन्नलाई दशै अगाडि विपन्न नागरिकहरुको लागि वडा अध्यक्षको सिफारिसमा प्रति व्यक्ति रु २५००। वरावरको रासन वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

स्थानीय न्यायीक समितिको लागि तत्काल कानुन अधिकृतको भर्ना प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं ६**

कृषि तथा पशु क्षेत्र प्रवर्धनको लागि उत्पादनमा आधारित अनुदान वितरण कार्य विधि निर्माण गर्ने गरियो। सो कार्यविधि निर्माणको लागि तपशिल वमोजिमको सदस्यहरु रहने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | आर्थीक विकास समिति संयोजक |
| सदस्य | पशु विकास शाखा प्रमुख |
| विषय विज्ञ | अध्यक्षको सिफारिसमा |
| सदस्य | प्रशासन शाखा |
| सदस्य सचिव | कृषि शाखा प्रमुख |

**निर्णय नं ७**

सुरक्षित नागरिक आवासका लागि वडा वाट प्राथमिकताका आधारमा विवरण माग गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

वाल दिवसको अवसरमा गाउँपालिका वाल सञ्जालको कार्यक्रमको लागि रु ८००००। वाल सञ्जाललाई विभीन्न राष्ट्रिय दिवस तथा सहिद सम्मान शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

CamScanner

निर्णय नं ९

निर्णय नं ९ मा छलफल गर्दा सिस्ने गा पा वडा नं २ मा रहेको तुवाङखोला जलविद्युत आयोजनामा गत आ व ०७९।८० मा चट्याङ लगाएतको प्राकृतिक प्रकोपवाट २५kva ट्रान्सफर्मर लगाएत अन्य उपकरणमा क्षति भएको र अन्य उपकरणहरु मर्मत तथा थप नयाँ उपकरणहरु खरिद गरि अवररुद्व भएको विद्युत सेवा पुन सुचारु गर्नु पर्ने जटिलतालाई मध्यनजर गर्दा उक्त काम गाउँपालिकामा उपलब्ध ईन्जिनियर जनशक्तिबाट गर्न नसकिने भएकोले १ जना मेकानिकल ईन्जिनियरबाट स्थलगत रुपमा निरिक्षण गराई साथै प्रहरि मुचुल्का र सोहि वमोजिम तयार हुने लागत अनुमान रु १८,००,०००।को स्वीकृत गरि उपभोक्ता मार्फत आवश्यक कागजात अगाडि बढाउने निर्णय गरियो ।